# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै
www.missionenews.com
अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष–२ | अंक–५१ | २०७५ असार २० गते बुधबार | 4 jul 2018 Wednesday | मूल्य रू. १०/-

# समृद्धिले मुहार फेर्दै कर्णाली

**मिसन न्यूज**

**कालिकोट–** कर्णालीमा गरिबी, दुःख, दर्द, भोक तिर्खा र नांगोपन मात्रै रहेको कथा सहरमा चर्चा गरिन्छ । तर, कर्णालीमा कहर मात्र होइन, समृद्धिका आधार पनि छन् । विज्ञहरूका अनुसार कर्णाली कृषि उत्पादन, तिब्बतको व्यापारिक केन्द्र, पर्यटकीय र सांस्कृतिक केन्द्र बन्न सक्छ । उनीहरू भन्छन्( अहिले कर्णाली क्षेत्रको आर्थिक विकासका लागि यातायात सञ्जाल, स्रोतको उपयोग, दक्ष जनशक्तिको विकास र सुशासन मुख्य सर्तका रूपमा देखिएको छ । कनेक्टिभिटीको अभाव, ठूला परियोजना सञ्चालन नहुनु तथा स्थानीय उत्पादनको बजारीकरण हुन नसक्नुले कर्णालीको विकासमा समस्या सिर्जना गरेको विज्ञहरूको टिप्पणी छ । कर्णाली विकास आयोगले तयार गरेको १० वर्षे योजनाअनुसार वार्षिक १६ अर्ब रुपैयाँ निरन्तर १० वर्षसम्म कर्णालीमा लगानी गर्ने हो भने कर्णाली क्षेत्र समृद्ध बन्नेछ । प्रस्तावित पहिचानयुक्त कर्णालीका सहर स्याउ बगैंचाको सहर-जुम्ला प्रविधिको सहर-कालिकोट जडीबुटीको सहर-डोल्पा पर्यटकीय सहर-मुगु हिमाली व्यापारिक सहर(हुम्ला हुम्लाका सांसद तथा सरसफाइ तथा खानेपानीमन्त्री जीवनबहादुर शाहीले ५ वटा 'ब' कर्णालीको समृद्धिको आधार भएको बताए । 'कर्णालीको समृद्धिका लागि बाटो, बिजुली, विचार, वन र बजारमा ध्यान दिनुपर्नेछ,' मन्त्री शाही भने । कर्णाली बजार पनि पाउँछ, त्यसले आर्थिक विकासमा सहयोग पुग्छ,' रेग्मीले भने । विकासका ६ समस्या १) कनेक्टिभिटीको अभाव कर्णाली अन्य क्षेत्रसँगको सम्पर्क र सम्बन्धबाट लामो समयसम्म टाढिएको



कर्णली नदीको किनारामा जादै कर्णाली राजमार्ग ।

विकास आयोगका अध्यक्षसमेत रहेका राष्ट्रिय योजना आयोगका सदस्य डा. चन्द्रकान्त पौडेलका अनुसार १० वर्षसम्म निरन्तर १६ अर्ब रुपैयाँ खर्च गर्ने हो भने कर्णालीमा रहेको ५० प्रतिशत गरिबीलाई २१ प्रतिशतमा ओराल्न सकिन्छ । अर्थ मन्त्रालयका सल्लाहकार प्रा. डा. पुण्यप्रसाद रेग्मीको भनाइमा ठूला परियोजना सञ्चालन र कनेक्टिभिटी नै कर्णाली समृद्धिका आधार हुन् । 'कनेक्टिभिटीले पर्यटनको विकासमा सहयोग पुग्छ र स्थानीय उत्पादनले थियो । सडक सञ्जालको अभावले कर्णालीवासी काठमाडौं र अन्य सहरसँगको सम्बन्धमा जोडिन समस्या देखिएको अर्थ मन्त्रालयका सल्लाहकार डा. पुण्यप्रसाद रेग्मीको भनाइ छ । 'लामो समयसम्म कर्णाली जोड्ने राजमार्ग भएन । भएका विमानस्थल पनि कमजोर र स्थानीयको आवश्यकता पूरा गर्ने गरी भएनन् । यो सबैभन्दा ठूलो समस्या देखियो,' रेग्मीले भने । सुर्खेतदेखि जुम्ला जोड्न २ सय ३६ किमी सडकमार्ग बनेपछि मात्रै कर्णालीको सम्पर्क बलियो बन्न थालेको हो । कर्णालीका ४ वटा विमानस्थल भने मौसमी मात्र छन् ।२)

बाँकी ८ पृष्ठमा..

## कर्णालीका मन्त्रीले भत्ता नलिने

**मिसन न्यूज**



मन्त्रिपरिषद् बैठकमा सहभागी कर्णाली प्रदेशका मन्त्रीहरु

**सुर्खेत**-कर्णालीका मन्त्रीहरुले गैरसरकारी संस्था (एनजीओ) ले दिने भत्ता नलिने भएका छन् । प्रदेश सरकारका मन्त्रीहरुले अबदेखि कुनै पनि एनजीओको कार्यक्रममा सहभागी भएवापत पाउने भत्ता नलिने शनिबार सम्पन्न मन्त्रीपरिषद्को बैठकले निर्णय गरेको छ । यसअघि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एनजीओको कार्यक्रममा सहभागी हुँदा उपलब्ध हुने भत्ता मन्त्रीहरुले लिदैं आएका थिए । तर अबदेखि एनजीओको कार्यक्रममा सहभागी हुँदा उपलब्ध गराइने भत्ता मन्त्रीहरुले नलिने निर्णय गरेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीले जानकारी दिइन् । यस्तै प्रदेश सरकारले अबदेखि आयोजना गर्ने कुनै पनि सरकारी कार्यक्रममा भत्ताको व्यवस्था नगर्ने निर्णय गरेको छ । सरकारका प्रवक्तासमेत रहेकी मन्त्री केसीले भनिन्,'सरकार आफ्नो खर्चलाई मितव्ययी बनाउने अभियानमा छ, हामी

बाँकी ६ पृष्ठमा....

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**तिलागुफाको सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाँझो जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# पढाइ कि बुझाइ



जानुका ढकाल

एसईईको रिजल्टले देशलाई नै खैलाबैला बनाएको छ । अझ परीक्षा नियन्त्रण कार्यालयको गल्तीका कारण विद्यार्थीले सुरुको दिनमा पाएको नतिजा धेरैको हेरफेर भएको छ । विद्यार्थी र अभिभावक दुवैलाई अन्यौलको अवःथा सिर्जना गरिदियो, यसपालिको नतिजाले । कसले कति नम्बर ल्यायो, कुन ग्रेडमा आयो आदि आदि कुराका प्रश्न अहिले एसइई पास गरेका बच्चाहरूले भोग्नु परिरहेको समःया हो । हुन पनि अन्य ःतरभन्दा यो एसइई सबैको चासोको विषय बन्दै आएको छ, अहिलेसम्म जसका कारण प्रश्न ःवाभाविक पनि हुन् । आजभन्दा दश वर्ष अगाडिसम्म कुन ःकुलले कतिजना बच्चा प्रथम श्रेणीमा पास गराउन सफल भए भनेर ःकुलको क्षमतालाई दाँजिन्थ्यो भने अहिले कति जनाले ए प्लस र बी प्लस ल्याए भनेर ःकुलको क्षमतालाई दाँजिदै छ । त्यही कुरा विद्यार्थीमा पनि लागु भएको छ ।

लामो समयदेखि हामीले आफ्नो सन्तानको क्षमता केवल पहिले एसएलसी र नाम फेरिएको अहिले एसइईमा ल्याउने ग्रेड या अंकमा जोखेका छौँ । यसले बालबालिकालाई सम्पूर्ण कुरा छोडेर कसरी धेरै अंक प्राप्त गर्न सकिन्छ भन्ने तर्फ ध्यान केन्द्रित गराएको छ । प्रतिःपर्धा क्षमतासँग होइन, अंकसँग हुँदै गएको छ । आमा बुबाले आफ्ना सन्तानलाई अरू बच्चाको उदहारण दिएर फलानोले ए प्लस ल्यायो, ढिःकानाले ए प्लस ल्यायो, ए ल्यायो बी प्लस ल्यायो भन्दै पेलिरहेको अवःथा छ ।

हामीले बालबालिकाको क्षमतालाई केवल आउने अंकसँग मात्रै तुलना गर्न उचित हो कि होइन यो कुरा पनि जान्न आवश्यक छ । हाम्रै अगाडि एसएलसीमा टपर भएका विद्यार्थीहरू अहिले बेरोजगार भएर खाडी मुलुकको तातो गर्मीमा बेल्चा उचाल्दैछन्, भने एसएलसी अर्थात् एसइईमा कम नम्बर ल्याएर राम्रो विषय पढ्न नपाएका विद्यार्थीहरू अहिले विभिन्न क्षेत्रमा सफलता प्राप्त गरेका उदहारण छन् । उनीहरूले नै ग्रेडमा या नम्बर बढी ल्याउनेलाई रोजगारी दिन सक्षम बनेका पनि छन् । अबको शिक्षा ग्रेडमा तुलना गरिनु त्यति उचित होइन । हो यो एउटा पढाइको मापन गर्नेका लागि सही हो तर बुझाइको मापन यसले गर्न सक्दैन । विद्यार्थीको बुझाइलाई परीक्षामा आएका सीमित प्रश्नहरूले समेट्न सक्दैन । अहिलेका बालबालिकाले धेरै कुरा बुझेका छन् । आफ्नो भविष्य सहज बनाउन सक्ने बुझाइ हासिल गर्न सक्षम छन् तर त्यो अनुसारको वातावरण भने अभिभावक र गुरुहरूले बनाइदिनुपर्छ । पढाइ र बुझाइ फरक कुरा हुन् । एउटा व्यक्तिले समग्रमा कति बुझ्न सफल भयो भन्ने कुरा सोधेको एउटा प्रश्नको जवाफले थाहा हुन सक्दैन । हरेक व्यक्तिको बुझाइको ःतर फरक हुन्छ ।

विगतका दिनहरूमा एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण हुन नसकेर या फेल भएर आत्महत्या गरेका घटना हामीले देखे सुनेका हौँ । एसइईको सुरुवातपश्चात् पनि यःता घटना भए । कतिले घर छोडेर हिँडे भने कोही खाडीतिर भासिए । कतिले आफ्नै बाबुआमाबाट समेत यातना सहे, अपेक्षित नतिजा ल्याउन नसक्दा । नाम फेरियो हाम्रो सोच र पढाइ शैलीमा परिवर्तन आएन । तर अझै पनि अभिभावकले बुझ्न नसकेको कुरा भनेको आफ्नो सन्तानको क्षमता हो । कतिपयलाई किताब पढेर अंक बढी ल्याउँदैमा मेरो सन्तान सफल भयो भन्ने लाग्न सक्छ तर त्यो गलत हो । परीक्षाको नतिजा आएदेखि नै हरेकले आफ्ना सन्तानले यो ग्रेड ल्यायो भन्दै फेसबुकभरि लेखेका छन् । परिवारको खुसी बाँड्नु राम्रो कुरा हो तर आफ्ना सदःयको खुसी सेयर गर्दा राम्रो ग्रेड ल्याउन नसक्ने बालबालिकाहरूलाई त्यसले आफूप्रति ग्लानि हुनसक्छ । हुनत पछिल्लो समय अभिभावक केही सचेत भने नदेखिएका होइनन् । तर हाम्रो पहिलेदेखिको सोच र सर्टिफिकेटमा राम्रो नम्बर आयो भने राम्रो जागिर खान सकिन्छ भन्ने सोचाइले छोडिसकेको छैन ।

जागिरले मात्रै व्यक्तिको जिन्दगी सहज हुने होइन । शिक्षा अति आवश्यक छ । किताबको ज्ञान र व्यावहारिक ज्ञान दुवै आवश्यक छ । अहिलेको समय जति सहज देखिए पनि बालबालिकाहरूलाई झनै गाह्रो छ । उच्च प्रतिःपर्धाको समयमा किताबी नम्बर मात्रै पर्याप्त हुँदैन । हरेक कुरालाई बुझ्न सक्ने क्षमतावान् हुन आवश्यक छ । डाक्टर इन्जिनियर नै बन्नुपर्छ भन्ने होइन, जुनसुकै काम गरे पनि सफल हुन सक्ने बनाउनु पर्छ । त्यो खालको शिक्षा आजको आवश्यकता हो ।

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कालिकोट

## जनहितमा जारी सन्देश

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
कम्प्युटर अप्रेटरःलिलाराज संज्याल
बजार ब्यवस्थापकःनिशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट
www.missionenews.com

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पचाल झरना गाउँपालिकाको कार्यालय
कालीकोट

# पलाँतामा बिजुली झिलीमिली

**मिसन न्युज**

**कालिकोट -** कालिकोटको दुर्गम पलाता गाउँपालिका-७ स्थित भुच्चीखोला लघुजलविद्युत आयोजनाबाट बिजुली उत्पादन सुरु भएको छ । ४० किलोवाटको लघुजलविद्युत आयोजनाले २८० सय घरधुरीमा बजुली बत्ती बालिएको हो । दुई करोड नौ लाख रुपैयाँको लागतमा निर्माण भएको आयोजनाको साबिकको थिर्पु गाविसको ३६ लाख, वैकल्पिक ऊर्जाबाट प्राप्त ९० लाख र पलाता गाउँपालिकाले ३६ लाख गरी एक करोड ६२ लाख रुपैयाँ लागतमा आयोजना सम्पन्न भएको हो। विभिन्न निकायबाट प्राप्त रकम र करिब ५० लाख रुपैयाँ बराबर स्थानीयले श्रमदानबाट आयोजना सम्पन्न भएको आयोजनाका सचिव जनराज बमले बताए। 'आयोजना निर्माणका लागि सबै लागत अन्य विभिन्न निकायबाट प्राप्त भएको थियो,' उनले भने, '५० लाख रुपैयाँ स्थानीयको श्रमदानबाट प्राप्त भएको हो।' दुई वर्षदेखि निर्माण कार्यको थालनी भएको भुच्चीखोला जलविद्युत आयोजना निर्माण कार्य पूरा भई गाउँमा



बत्ती बाल्न थालिएको आयोजना उपभोक्ता समितिका सचिव बमल बताए। जिल्लामा जलविद्युतका ठूला आयोजना नभएको र विद्युतको केन्द्रीय प्रसारण लाइन पनि नभएकाले अहिले साना लघुजलविद्युत आयोजना प्राथमिकतामा रहेको गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर बमले बताए । 'जिल्लाका ठूला आयोजना पनि छैनन्,' उनले भने, 'लघुजलविद्युत आयोजना बनाएर नै गाउँ उज्यालो पार्नुपर्ने भएको छ।' पलाता गाउँपालिकामा औलाखोला खिन, दुर्शी खोला, दाम्रीगाड थिर्पु, र दाम्रीगाड खोला बेर्सेनकोट लघुजलविद्युत आयोजनाका निर्माण भइरहेको छ ।


## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट



## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट


# अनुगमन नहुँदा उपभोक्ता मारमा

**मिसन न्यूज**

**कालिकोट-** नियमित अनुगमन नहुँदा उपभोक्ता मारमा परेको कालिकोटका सरोकारवालाहरुले बताएका छन्। जिल्ला प्रशासन कार्यालय कालिकोट आयोजना गरेको उपभोक्ता हित संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सराकोरवालाहरूले नियमित बजार अनुगमन नहुँदा उपभोक्ताहरू मारमा परेको बताएका हुन् । बजार अनुगमन गर्ने संयन्त्र प्रभावकारी नहुँदा बजारमा बेचिने वस्तु कम गुणस्तरयुक्त, कम तौल र महँगो मूल्य ब्यापारीहरूले बिक्री गर्ने गरेको नेपाली कांग्रेसका सचिव दमनबहादुर शाहीले बताए । 'बजार उद्योगी तथा व्यापारीको नियन्त्रण गरेर राखेका छन्' उनले भने, 'बजार अनुगमन गर्ने निकायले उद्योगी ब्यापारीका अगाडि झुक्नु पर्ने अवस्था आएको छ।' एउटै सामानको मूल्य पनि बजारमा फरक फरक हुने गरेको र म्याद नाघेको दैनिक उपभोग्य बस्तुको बजारमा बिगबिगी बढेको नागरिक अगुवा ऐनबहादुर शाहीले बताए। 'बजारमा एउटै बस्तुको मूल्य पनि फरक फरक रहेको छ' उनले भने, 'म्याद नाघेको खाद्य वस्तुको बिक्री वितरण निकै बढेको छ।' हरेक वस्तुको मूल्य सरकारले करको दायरा नबढाउँदै ब्यापारीहरूले मूल्य बढाएको र यसको नियन्त्रण गर्न नै कठिन भएको कर्णाली खाद्य सरोकार समूह कालिकोट अध्यक्ष कालीबहादुर मल्लले बताए । 'सरकारले करको दायरा नै बढाएको छैन' उनले भने, 'तर ब्यापारीहरूले करको दायरा बढ्यो भन्दै मूल्य बढाएको बढाए छन् ।' स्रोत साधन, दक्ष जनशक्ति र संयन्त्रका कारणले बजारको अनुगमन केही समस्या आएको र नियमित रूपमा उपभोक्ताहरू आफू सचेत हुनुपर्ने जिल्ला प्रशासन कार्यालय कालिकोटका प्रमुख चन्द्रनाथ गौतमले बताए । 'बजार अनुगमनमा केही स्रोत साधनको कमी रहेको छ।' उनले भने, 'उपभोक्ताहरूले पनि सामान किन्दा आफैं पनि सचेत रहन आवश्यक छ।' स्थानीय तह अधिकार सम्पन्न हुने भएको र स्थानीय तहले पनि बजार अनुगमन प्रभावकारी ढंगले

**बाँकी ८ पृष्ठमा.....**


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवौँ ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।**

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कालिकोट

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method

अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**



**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण**

**प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**

**सुचना विभाग**



**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।**

**पलाँता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कालिकोट**


# स्वास्थ्य

## वायु प्रदुषण मधुमेहको प्रमुख कारक तत्व



मधुमेहको प्रमुख कारक तत्वमध्ये वायु प्रदुषण पनि एक भएको अमेरिकी अध्ययनले देखाएको छ। यसले दीर्घरोग विकास हुनसक्ने सम्भावनामा कम प्रभाव पार्ने देखिएपनि मधुमेह विकासमा कुनै न कुनै भूमिका भने खेल्ने अध्ययनले बताएको छ । मधुमेह खासगरी जीवनशैलीसँग सम्वन्धित खाना वा सन्तुलित आहार र शरीरलाई अधिक निष्क्रिय राख्ने बानीका कारण हुने बताइएपनि सेन्टलुइसस्थित वासिङ्टन यूनिभर्सिटी स्कूल अफ मेडिसिनले प्रदुषण पनि मधुमेहको मुख्य कारक रहने अध्ययनबाट देखिएको जनाएको छ । अध्ययनले अनुमान गरेअनुसार सन् २०१६ मा विश्वभर ३२ लाख मधुमेहका नयाँ विरामी प्रदुषणका कारण भएका छन् । यो उक्त वर्ष मधुमेहका विरामी सङ्ख्याको १४ प्रतिशत हो । 'हाम्रो अनुसन्धानले वायु प्रदुषण र मधुमेह बीचको महत्वपूर्ण लिङ्क भेटाएको छ,' अध्ययन समूहका प्रमुख लेखक जियाद अल अलीले बताए । उनले भने, 'प्रदुषणले शरीरको इन्सुलिन उत्पादन गर्ने शक्तिलाई घटाइदिने गर्छ। यसबाट स्वस्थ शरीर कायम राख्नका लागि चाहिने रगतमा भएको ग्लुकोजको मात्रालाई शक्तिमा रूपान्तरण गर्नबाट रोक्छ ।' लान्सेट प्लानेटरी हेल्थमा प्रकाशित अनुसन्धानले अमेरिकी वातावरण निकाय (इपिए) तथा विश्व स्वास्थ्य संगठनले सुरक्षित मानेको वायु प्रदुणणको मात्रामा पनि मधुमेहका लागि कारक मानिने प्रदुषणको तह भेटिने गरेको उल्लेख छ । यो महत्वपूर्ण छ किनकि धेरै उद्योगसँग सहकार्य गर्ने समूहले वायुप्रदुषणको अहिलेको तह मानवीय स्वास्थ्यका लागि उपयुक्त र प्रभावकारी मान्न सकिने बताएका छन् । उनले भने, 'अहिलेको वायुको अवस्था आवश्यकता अनुसार सुरक्षित नभएको र यसलाई कडाई गर्नुपर्ने देखिएको तथ्यहरूले बताएका छन् ।'


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# फिरन्ते राउटे अब स्थायी बासिन्दा

**मिसन न्यूज**

**सुर्खेत-** जंगलमा फिरन्ते जीवन बिताउँदै आएका राउटेलाई अब स्थायी बासिन्दाको परिचयपत्र उपलब्ध गराइने भएको छ । कर्णाली प्रदेशका विभिन्न जंगलमा बस्दै आएको राउटे समुदायलाई दैलेखको गुराँस गाउँपालिकाले स्थायी बासिन्दाको परिचयपत्र उपलब्ध गराउन लागेको हो । यससँगै अब राउटेहरू गुराँस गाउँपालिकाका स्थायी बासिन्दा बन्ने भएका हुन् । राउटे समुदाय जंगलमा घुमन्ते जीवन बिताउँदै आएको छ । यही क्रममा पछिल्लो समय राउटेहरू गुराँस गाउँपालिका-८ गर्चे खोला किनारमा बसिरहेका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले राउटेलाई स्थायी बासिन्दाको परिचयपत्र वितरण गर्न स्वीकृति दिइसकेको छ । मन्त्रालयको स्वीकृतिपछि परिचयपत्र बाँड्ने प्रक्रिया अगाडि बढाइएको गाउँपालिकाले जनाएको छ । परिचयपत्र छाप्ने काम सम्पन्न भएको र केही दिनभित्र वितरण हुने गाउँपालिकाका अध्यक्ष खेमराज वलीले बताए । राउटेले हालसम्म कुनै पनि सरकारी परिचयपत्र



पछिल्लो समय दैलेखको गुराँस गाउँपालिकास्थित जंगलमा बस्दै आएका राउटे ।

लिएका छैनन् । नागरिकतासमेत नलिएका राउटेलाई स्थायी बासिन्दाको परिचयपत्र वितरण गरेपछि सामाजिक सुरक्षा भत्ता वितरणमा पनि सहज हुनेछ । गुराँस गाउँपालिकाका अध्यक्ष वलीले भने, 'आजसम्म राउटेहरू जंगलमा घुमन्ते भए, अब उनीहरू स्थायी बासिन्दा हुनेछन् । हामी गुराँसका नागरिकका रूपमा राउटेलाई परिचयपत्र बाँड्दै छौं, यसले उनीहरूलाई समाजमा स्थापित गर्न सहयोग पुग्नेछ ।' परिचयपत्रमा राउटेको नाम, थर र ठेगाना उल्लेख गरिनेछ । जसमा अब ठेगाना दैलेखको गुराँस गाउँपालिका-८ उल्लेख गरिने भएको हो । 'राउटेहरू काम गर्न जहाँ पनि जान सक्छन्, घुम्दै नयाँ ठाउँमा पनि पुग्लान्', अध्यक्ष वलीले भने, 'तर उनीहरू गुराँसका नागरिक हुनेछन्, स्थायी बासिन्दा बन्नेछन् ।'राउटेलाई समाजमा घुलमिल गराउन र शिक्षा दिन आवश्यक व्यवस्था पनि अगाडि बढाइएको छ । यसका लागि तीन जना कर्मचारी नियुक्त गरिएको छ । राउटेलाई शिक्षा प्रदान गर्न एक जना शिक्षक, स्वास्थ्योपचारका लागि अहेव र उनीहरूको निगरानीका लागि एक जना सहयोगीको पनि व्यवस्थापन गरिएको गाउँपालिकाले जनाएको छ । राउटेलाई गुराँसमै रोक्न हरसम्भव प्रयास गरिने अध्यक्ष वलीले बताए । यसका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सेवा वितरण कार्यलाई प्रभावकारी बनाइने उनले बताए । अध्यक्ष वलीले भने, 'राउटेलाई समाजमा स्थापित गराउन जरुरी छ, विस्तारै हामी उनीहरूलाई शिक्षा प्रदान गर्नेछौं । अबको दुई वर्षभित्र एकीकृत बस्ती पनि बसाल्ने हाम्रो योजना छ, यसका लागि गाउँपालिकाले आवश्यक नीतिसमेत बनाएको छ ।' अहिले एक सय ४९ जनाको संख्यामा राउटे जंगलमा बस्दै आएका छन् । स्थायी बसोबास नहुँदा राउटेलाई सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ता वितरणमा पनि समस्या हुँदै आएको छ । अर्कोतर्फ फिरन्ते जीवनका कारण राउटे बालबालिका शिक्षाबाट पनि वञ्चित छन् । घुमन्ते भएकै कारण राउटेले पछिल्ला दिनमा भरपर्दो स्वास्थ्योपचार र खाद्यान्नसमेत पाउन सकेका छैनन् । परिचयपत्र वितरण भएपछि यी सबै समस्या समाधान हुने अपेक्षा गरिएको छ । 'अब राउटेको नाममा आर्थिक चलखेल रोकिनेछ, आफूखुसी सहयोग बाँड्ने काम बन्द हुनेछ', गाउँपालिकाका अध्यक्ष वलीले भने, 'परिचयपत्रका आधारमा सहयोग बाँडिनेछ, राउटेले पनि नागरिक भएको अनुभूति गर्नेछन् ।'


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## कर्णालीका मन्त्रीले........................

सरकारको खर्चलाई व्यवस्थित गर्दैछौं । अब प्रदेश सरकारले आयोजना गर्ने कुनै पनि कार्यक्रममा भत्ताको व्यवस्था हुनेछैन ।' कार्यक्रममा वितरण हुने भत्ताकै कारण अनावश्यक खर्च बढ्ने भएकाले सरकारले कुनै पनि कार्यक्रममा भत्ता नदिने निर्णय गरेको मन्त्री केसीको भनाइ छ । त्यस्तै मन्त्रीपरिषद् बैठकले अबदेखि प्रदेशभर हुने सरकारी कार्यक्रमहरु सरकारी हलमा आयोजना गर्ने, कर्णाली प्रदेशका हरेक मन्त्रालयले आफनो मन्त्रालयमा भएको खर्चको विवरण महिना समाप्त भएको तीन दिनभित्र वेवसाइटमा राख्ने, मुख्यमन्त्रीको स्वीकृतिमा मात्र मन्त्रीहरुले जिल्ला भ्रमण गर्ने र सरकारी खर्चलाई पारदर्शी तथा मितव्ययी बनाउन खर्च मापदण्ड निर्देशशिकालाई कडाइका साथ लागू गर्ने निर्णय गरेको मन्त्री केसीले जानकारी दिइन् । यस्तै बैठकले अन्तर्राष्ट्रियधावक जुम्लाका हरि रोकायको उपचारमा एक लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालीकोट**

## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**



## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालिकोट**

*एक घर एक करेसाबारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# पलाँता गाउँपालिकाको २६ करोड ४१ लाख ३१ बजेट बिनियोजन

**मिसन न्यूज**

**कालिकोट**-पलाँता गाउँपालिकाले २६ करोड ४१ लाख ३१ हजार वार्षिक बजेट गाउँसभामा पेश गरेको छ । सडक संजाल, खानेपानी तथा सरसफाई, शिक्षा, स्वास्थ्य क्षेत्रलाई प्राथमितामा राखेर बजेट विनियोजन गरेको हो। सडक संजालले नछोएको पलाता गाउँपालिकाले २ बर्ष भित्र सबै वडाहरुमा सडक पुऱ्याउने लक्ष्य लिएको छ।

वर्सेनी सुख्खा खडेरीले खाद्य संकट, खानेपानीको अभाव, शिक्षा, स्वास्थ्य र पोषणमा कमजोर रहेको पलाता अर्न्तगतका थिर्पू, धौलागोह र खिनका बासिन्दालाई विकास प्रक्रियामा सहभागी गराई अपनत्व बोधसहित पलाता निर्माणमा सक्रिय गराउन एक सय युवालाई वर्षभरि नै विकास निर्माण परिचालन गर्ने गाउँपलिका अध्यक्ष लक्ष्मण बमले बताए । 'हामीले २ बर्ष भित्र पालिका सबै वडामा सडक संजाल पुऱ्याउने लक्ष्य राखेका छौं ।' उनले भने,'त्यसका लागि यूवा परिचालन गर्ने नीति लिएका छौं ।' पलाताका ९ वटै वडामा १०० जना युवाका लागि वार्षिक २ करोड ९० लाख विनियोजन गरेको छ भने थप युवाका लागि प्रदेश र संघीय सरकारसँग बजेट माग गर्ने निर्णय भएको गाउँपालिका उपाध्याक्ष दाना न्यौपानेले बताइन् । 'चरम खानेपानी अभाव रहेको पलातामा एक घर एक धारा, एक वस्ती एक टंकी र एक गाउ एक आयोजना अवधारणसहित ३ वर्ष भित्र सबै घरमा खानेपानी पुऱ्याउने लक्ष्यसहित योजना निर्माण गरिएको र साझेदारीका लागि राष्ट्रिय अर्न्तराष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गनेछौं ।' उनले भने,'स्वास्थ्य सेवालाई सुलभ बनाउन पालिकाले सर्वसुलभ एक वडामा स्वास्थ्य संस्था स्थापना गरेर सेवा दिन सुरु छौं ।'जिल्लामै सबैभन्दा बढी कुपोषणको समस्या रहेको पलातामा खाद्य सुरक्षाका लागि स्थानीय उत्पादनमा जोड दिदै एक घर एक करेसाबारी, खाद्य आनीबानीमा सुधार गर्दै स्थानीय परिकारको प्रर्वद्धन गर्ने नीति पनि पलाताले लिएको प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद कुस्माले बताए । 'गाउँपरिषदले महिला सशिक्तकरणका लागि साक्षरतासहितका आर्यआर्जनका कार्यक्रम अघि सारेको छौं ।' उनले भने,'गाउँपालिकालाई समृ बनाउने हाम्रो योजना रहेको छ ।'



आ.व.२०७५/०७६को प्रथम पलाँता गाउँपालिकाको गाउँ सभा उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष र समन्वय समितिका प्रमुख



## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइदिएपछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## निर्यातमुखी अर्थतन्त्रविना गाउँपालिका.....................................

कृषि श्रमप्रति कम लगाव कर्णालीका स्थानीयमा कृषिप्रतिको श्रममा लगाव नै कम देखिएको छ। कर्णालीका ५ वटा जिल्लामा डेढ प्रतिशत जमिन खेतीयोग्य छ। तर, त्यसमा कमै मात्रै खेती गरिन्छ। डा. रेग्मीका भनाइमा रुकुम, रोल्पा, जाजरकोटलगायतका मजदुर डोल्पा, हुम्लातिर गएर कृषि क्षेत्रमा काम गर्ने गरेका छन्। तर, अधिकांश स्थानीय कहिल्यै खेतबारीमा काम गर्दैनन्। ३) जनप्रतिनिधिको कमजोरी -कर्णाली बाट निर्वाचित जनप्रतिनिधिहरू आफू निर्वाचित जिल्लामा भन्दा बढी काठमाडौं, सुर्खेत, नेपालगन्ज, धनगढीसम्म केन्द्रित हुने गरेका छन्। अधिकांश सांसद र राजनीतिक दलका नेताहरूको बसोवास सहरी क्षेत्रमा हुने गरेको छ। 'धेरैपटक कर्णालीका जिल्ला पुग्दा त्यहाँका जनप्रतिनिधि काठमाडौं वा यस्तै सहरमा केन्द्रित हुने गरेको देखेको छ, अर्थात् कर्णाली विकासमा जनप्रतिनिधिको भूमिका नै कमजोर छ,' ग्रामीण विकास केन्द्रीय विभाग त्रिविका प्रमुख प्रा. डा. प्रेम शर्माले भने।-४) निरीह नागरिक -खासमा कर्णालीका स्थानीय नागरिक राजनीतिक दल र स्थानीय व्यापारीसामु निरीहजस्तो देखिने गरेका छन्। उनीहरूले स्वास्थ्य, शिक्षाजस्ता आधारभूत अवसर नपाउँदा पनि निरीह भएर बस्नुपर्ने बाध्यता छ। 'स्थानीय रातो चामलको उत्पादनलाई जोड दिएर बजारीकरण गर्ने भन्दा पनि कुहिएको चामलमा आश्रित बनाउने काम भइरहेको छ,' शर्माले भने। ५) आइएनजिओको हेपाहा प्रवृत्ति -कर्णालीका स्थानीयप्रति आइएनजिओहरू स्थानीय केही पनि जान्दैनन् भन्ने मानसिकता बोकेर पुग्ने गरेका छन्। कर्णालीको दारुण कथा मात्रै बताएर आइएनजिओ योजना लाद्ने गरेको शर्माको अनुभव छ। उनको भनाइमा आइएनजिओले केन्द्रमा योजना र नीति बनाउने, तर स्थानीय स्रोतसाधनको उपयोगमा ध्यान दिँदैनन्। 'कर्णालीका मान्छेमा पनि मगन्ते प्रवृत्ति विकास भएको छ,' पटक पटक कर्णाली पुगेका शर्माले भने।६) कर्णालीको मनोविज्ञान-कर्णालीको मनोविज्ञान पनि विकासको बाधक देखिएको छ। स्थानीयहरू पनि संकीर्णता प्रकट गर्दै कर्णालीका कार्यालयदेखि योजना बनाउनेसम्म कर्णालीवासी मात्रै हुनुपर्छ भन्ने मान्यता बोक्छन्। अनि काठमाडौं वा अन्य क्षेत्रका व्यक्ति, कर्मचारी वा अन्य व्यक्तिलाई शासकहरू भन्ने मानसिकता देखिने गरेको छ।

## फिरन्ते राउटे अब..........................

यता, गाउँपालिकाको यो निर्णयपछि र ाउटे समुदायमा पनि खुसी छाएको छ। राउटेका मुखिया सूर्यनारायण शाहीले आफूहरूलाई भत्ता लिन ठाउँठाउँ धाउनुपर्ने र समयमै नपाइने समस्या अब टर्ने बताए। 'समयमा भत्ता पाउँदैनथ्यौं, मेरा जनतालाई छाक टार्न समस्या हुन्थ्यो', राउटे मुखिया शाहीले भने, 'अब भत्ताका लागि कहाँ जाने भन्ने पिर पनि रहेन,समयमै भत्ता पाउने भयौं। जनतालाई सजिलो होला भन्ने लागेको छ, सरकारले राउटेका लागि राम्रै गर्‍यो।' राउटेसँग अनौपचारिक छलफल र सहमतिपछि गाउँपालिकाले उनीहरूलाई स्थायी बासिन्दाको परिचयपत्र वितरण गर्न लागेको हो।

## अनुगमन नहुँदा..........................

अगाडि बढाउन आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी गौतमले बताए। 'बजार अनुगमनका केही काम स्थानीय तहलाई दिइएको छ' उनले भने, 'स्थानीय तहले पनि बजार अनुगमन प्रभावकारी ढंगले लागु गर्न जरुरी रहेको छ।' बजार मा पाइने वस्तुहरूको मूल्य बढ्नुमा व्यापारी तथा उद्योगीहरूका कारणले भन्दा पनि महँगी, करको वृद्धि महँगो घर बहाल तिर्नु भएकाले बजारमा महँगी बढेको उद्योग वाणिज्य संघ कालिकोटका अध्यक्ष सूर्यबहादुर शाहीले बताए। 'सबै ठाउँमा महँगी बढेको छ' उनले भने, 'त्यसैकोको मारमा उपभोक्ताहरू परेका छन्।' थाहा खबरबाट


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साँझ पख सधैं ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**महावै गाउँपालिकाको कार्यालय**
**कालीकोट**



**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## ज्ञानमाला

१.नेपालमा धान दिवस कहिले मनाईन्छ ?
उत्तर - असार १५
२. २०७२ बैशाख १२ गते कति रेक्टर स्केलको भुकम्प गएको थियो ?
उत्तर - ७.६
३.UN का वर्तमान महासचिव कुन देशका नागरिक हुन् ?
उत्तर - पोर्चुगल
४. साना किसान विकास वैंकको संचालक समितीमा कतिजना सदस्य रहने व्यवस्था छ ?
उत्तर - ७ जना
५. नेपालको आर्थिक नीति कसले सार्वजनिक गर्दछ ?
उत्तर - अर्थ मन्त्रालय
६. डोनाल्ड ट्रम्पले कतिमत प्राप्त गरे ?
उत्तर - ३०४
७. नेपालको इतिहासको पहिलो पार्टि कुन हो ?
उत्तर - नेपाल प्रजा परिसद्
८. कुन कार्य सफलताको कामना गरि रातो मच्छिन्द्रको पुजा गरिन्छ ?
उत्तर - सहकाल र वर्षा
९. चिन र भारत दुवैसंग सिमाना जोडिने जिल्ला कुन कुन हुन ?
उत्तर - ताप्लेजुङ र दार्चुला
१०. RADAR को पुरा रुप केहो ?
उत्तर-Radio Detection And Ranging


## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषताहरु

- सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

इमेल : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com